नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-६१७ दायर मितिः-२०८१/०३/१४**

**फैसला मितिः-२०८१/०३/२४**

| वादी | प्रतिवादी |
|---|---|
| रुपेश साहको जाहेरीले नेपाल सरकार..........................१ | जिल्ला पर्सा बहुदरमाई न.पा.वडा नं.४ वस्ने सोनालाल साहको छोरा बर्ष २९ को अनिल कुमार साह............१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम प्रतिवादीलाई कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सुरेश कुमार समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालयको अभियोग पत्र ।
६. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०२।२५ गते अ.०९:२० बजेको समयमा जिल्ला पर्सा विरगंज म.न.पा.वडा नं.९ स्थित रहेको तरकारी बजारमा तरकारी बेची रहेको अवस्थामा प्रतिवादी अनिल कुमार साहले मैले बेच्न राखेको तरकारी चलाई अनावश्यक हर्कत गरेकोले सोधपुछ गर्दा निजले आवेशमा आई बिभिन्न अपशव्द प्रयोग गरी गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी अनिल कुमार कानुलाई कैद दिन २१ र जरिवाना रु.२०००/- अक्षेरेपी दुई हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी अनिल कुमार कानुलाई ठहरेको कैद दिन २१ को हकमा निज मिति २०८१/०२/२५ देखि २०८१/०३/१३ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं. र.नं.६०१/२०८१/०६/१६ बाट दाखिला गरेको धरौटी रकम रु.२०००/- बाट जरिवाना रकम रु.२०००/- कट्टी गर्नु --------------------------------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिदिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ असार महिना २४ गते सोमवार रोज २/ ने.सं. ११४४ दिल्लाथ्व तृतिया, शुभम् .......